नेपाल सरकार

# गृह मन्त्रालय

(......................................शाखा)

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः- २०७२/०१/१७

विषय :- **प्रेस विज्ञप्ति**

विनाशकारी भूकम्पबाट भएको क्षतिको लगत लिने र पीडितको उद्धार तथा राहत वितरण गर्ने कार्य आज मिति २०७२।१।१७ गते पनि जारी रहेको छ ।

हाल प्राप्त पछिल्लो जानकारी अनुसार मुलुकभर मृतकको संख्या सर्वसाधारण ५७८४, नेपाली सेना-८, नेपाल प्रहरी-४, सशस्त्र प्रहरी-१, निजामती कर्मचारी-४, विदेशी-४३ समेत जम्मा ५८४४ जना पुगेको छ । त्यस्तै नेपाल प्रहरी-४९, सशस्त्र प्रहरी-२१, विदेशी-४६ र सर्वसाधारण-१३२७७ समेत जम्मा १३,३९३जना घाइते भएका छन् । घाइतेहरुको उद्धार नजिकको अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा भइरहेको छ । भौतिक क्षतिको विवरण प्राप्त हुने कम जारी छ । नेपाली सेनाको-६५,०१६, नेपाल प्रहरीको-३७,४४९, सशस्त्र प्रहरी बलको-१६,९१९ समेत जम्मा १,१९,३८४ जना सुरक्षाकर्मीहरु खोज उद्धार तथा राहत कार्यमा परिचालन गरिएको छ ।

नेपाली सेना, निजी क्षेत्र, मित्रराष्ट्र भारतबाट आएका हेलिकप्टरहरुबाट प्रभावित क्षेत्र सिन्धुपाल्चोक, गोरखा, दोलखा, धादिङ्ग, रसुवा, नुवाकोट, सोलुखुम्बु, ओखलढुंगा, काभ्रेपलाञ्चोक लगायतका जिल्लाहरुमा राहत प्याकेज पुर्‍याउने तथा घाइतेहरुको उद्धार गर्ने कार्य निरन्तर रुपमा भइरहेको छ ।

वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेतृत्वमा आपूर्ति व्यवस्था, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वमा स्वास्थ्य उपचार, शहरी विकास मन्त्रालयको नेतृत्वमा पाल वितरण र सम्वद्ध अन्य मन्त्रालयहरुवाट पनि राहत वितरणको कार्य हुँदै आएको छ । गृह मन्त्रालयमा प्राप्त पछिल्लो विवरण अनुसार आजसम्म राहत अन्तर्गत खाद्य पदार्थ चामल ३५३२ क्वीन्टल, नून १५५ क्वीन्टल, चिनी ३१० क्वीन्टल, चाउचाउ ५९०३७ कार्टुन र १ ट्रक,विस्कुट १६०७२ कार्टुन,पानी ५७९८ केस,चिउरा १४४९क्वीन्टल,भुजिया, दालमोठ, दाल, तेल र गैर खाद्य वस्तु त्रिपाल ३२,८२७ थान, , सोलार लाइट २५२० थान, कम्बल ६४९ थान, ब्ल्याङकेट १४० थान, भाडा वर्तन समेत सम्बन्धित प्रभावित जिल्लाहरुमा पठाइ सकिएको छ । आजसम्म सिन्धुपाल्चोकमा ६ करोड, नुवाकोटमा ५ करोड, गोरखामा ४ करोड समेत ३७ प्रभावित जिल्लाहरुमा जम्मा ५४ करोड ६८ लाख राहत वितरणको लागि रकम निकासा गरिसकिएको छ। स्थानीय स्तरबाट पनि व्यापक रुपमा राहत संकलन गरी वितरण गर्ने कार्य जारी रहेको छ ।

चीन, पाकिस्तान लगायतका मित्र राष्ट्रहरुबाट आजसम्म खाद्य बस्तु १४६.२९ मे. टन र गैर खाद्य बस्तु बल्याङकेट २६५० थान, पाल १०३६ थान, जेनेरेटर १११ थान प्राप्त भएका छन् । प्राप्त भएका सामग्रीहरु वितरणको कार्य भइरहेको छ ।

उपलब्ध भएका आन्तरिक तथा बाह्य राहतका साधनहरुलाई पीडित समक्ष सरल,सहज रुपमा उपलब्ध गराउन मन्त्रालय निरन्तर रुपमा लागिपरेको छ । यस कार्यमा सबैको सकारात्मक सहयोगको अपेक्षा गर्दै कोही कसैबाट बाधा अवरोध तथा दुरुपयोग गर्ने/हुने अवस्था देखिएमा तत्काल सुरक्षा निकायको टेलिफोन नम्बर १००, सशस्त्र प्रहरी बलको टेलिफोन नं. १११४ वा राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रको टेलिफोन नम्बर ४२००२५८, ४२००१०५ र ४२००२०३ मा खबर गर्नु हुन सबैमा गृह मन्त्रालय हार्दिक अपिल गर्दछ ।

नेपाल सरकार

# गृह मन्त्रालय

(................................................शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :-

मितिः-...........................

विषय :-

केही संचार माध्यमहरुबाट आज मिति २०७२।१।१७ गते ठूलो भूकम्प जाँदैछ भन्ने अनर्गल,भ्रामक कपोलकल्पित समाचार सम्प्रेषण गरी जनजीवनलाई आतङ्किक पार्ने कार्य प्रति गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रकारका गतिविधि कोही कसैबाट नर्गन नगराउनुहुन आग्रह गर्दै त्यस्ता गतिविधिमा संलग्न भएको पाइएमा कानुन बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ । भूकम्प जादैछ भन्ने विषयमा कुनै सत्यता नभएकोले आ–आफ्नो पेशा व्यवसाय निर्धक्क रुपमा गर्नु हुन सबैमा गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

(लक्ष्मीप्रसाद ढकाल)
प्रवक्ता